# मध्यपुर थिमि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
मध्यपुर थिमि, भक्तपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च.नं. :- ६०८

मितिः २०८२।०६।२९
११५४ कौलागः १० विहिवार

श्री वडा कार्यालय सबै/ सामुदायिक तथा संस्थागत विद्यालय सबै/ सबै युवा क्लव तथा संजाल
मध्यपुर थिमि नगरपालिका, भक्तपुर ।

विषय : जानकारी तथा सूचना संप्रेषण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा इन्स्योर परियोजना दोस्रो चरण अन्तर्गत बागमति प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौडा मार्फत कार्यान्वयन भएको २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम अन्तर्गत यस आर्थिक वर्ष २०८२/८३ को लागि विभिन्न विषयमा ३०० जनाको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरद्वारा मिति २०८२।०६।२४ गतेको प्रकाशित सूचना अनुसार औद्योगिक प्रशिक्षार्थी तालिम (**Apprenticeship- Pre-diploma level**) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम बुझाउने अन्तिम म्याद २०८२।०७।२८ गते रहेकोले तपसिलका शिक्षालयहरुमा आवेदन फाराम बुझाउन हजुरको नगरपालिका /वडा/विद्यालयहरुबाट इच्छुक युवाहरुसम्म सूचना प्रवाह गराउन र कार्यक्रममा सहभागिताको सुनिश्चितताको लागि सूचना सम्प्रेषण गरीदिनहुन सादर अनुरोध छ ।

ज्ञानेन्द्र प्रसोद भट्ट
प्रमुख
(सामाजिक विकास महाशाखा)

काठमाडौं उपत्यकाका **pre- Diploma level (24 months-Apprenticeship)** संचालन गर्ने प्राविधिक शिक्षालयहरुको विवरण:

| क्र.स | कार्यक्रम संचालन गर्ने शिक्षालय | स्थान | तालिम विषय | सम्पर्क | संख्या |
|---|---|---|---|---|---|
| १ | बागेश्वरी माध्यमिक विद्यालय | भक्तपुर न. पा. ब्यासीडु | Pre- Diploma in Early childhood development Facilitation (ECDF) | ९८५११८८९८२ | २५ |
| २ | श्री लुभू माध्यमिक विद्यालय | महालक्ष्मी न. पा - ०८ ललितपुर | Pre- Diploma in Civil Engineering (Building Construction) | ९८४१५०५६७३ | २० |
| ३ | शंखरापुर बहुप्राविधिक शिक्षालय | शंखरापुर न. पा., साँखु | Pre- Diploma in Automobile Engineering | ९८५१२०१३७५ | २० |
| ४ | बुढानीलकण्ठ माध्यमिक विद्यालय | बुढानीलकण्ठ न. पा., काठमाण्डौ | Pre-Diploma in Information Technology (IT) | ९८४९७३७९१७ | २० |
| ५ | मदन आश्रित मेमोरियल पोलिटेक्निक इन्स्टिच्युट | कागेश्वोरी मनोहरा न. पा. काठमाण्डौ | Pre-Diploma in Hotel Management | ९८५१०५११८३ | २० |

नोट :

- S.E.E.वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सो परीक्षाका सम्पूर्ण विषयको परीक्षामा सहभागी भएको हुनु पर्नेछ ।
- तालिम लिन इच्छुक व्यक्तिले सम्बन्धित तालिम/प्रशिक्षणका लागिमानसिक र शारीरिक रूपमा सक्षम हुनु पर्नेछ।
- कम्तीमा १६ वर्ष पूरा भएको नेपाली नागरिक हुनु पर्नेछ ।
- दलित, जनजाति, अपांग, मुस्लिम, मधेसी, दुर्गमक्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र हुनपर्नेछ ।

**औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः**

(क) यातायात खर्च बापत प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १०० उपलब्ध हुने ।
(ख) बर्षमा एकपटक पोशाकको व्यवस्था हुने तथा सामुहिक दुर्घटना बिमा हुने।
(ग) उद्योगले प्रोत्सहन रकमको रुपमा न्यानुतम पारिश्रमिकको २५% ( कम्तिमा रु.४,८८७/-(चार हजार आठसय सतासी)) उपलब्ध गराउने।

विस्तृत जानकारीका लागि सम्पर्क :
- https://www.enssure.org.np/
- ९८६०८६७१४/९८६७४६२९५९ ENSSURE Project